सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष :५ अंक ११७ २०८० साल, पौष २४ गते मंगलबार Tuesday 9 Jan, 2024 मूल्य रु. ५/- पृष्ठ : ४

## ४७ किलो चाँदीसहित बारा र पर्साका तीन जना पक्राउ




**शुभम सन्देश, कलैया २३ पौष**

भन्सार छलीका ४७ किलो चाँदी सहित बारा र पर्साका तीनजनालाई पक्राउ गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । विशेष सूचनाको आधारमा राजधानीको विभिन्न ठाउँबाट बिल विजक बिनाको चाँदीको गहनासहित तीनै जनालाई पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान प्रहरी कार्यालयले जनाएको छ ।पक्राउ पर्नेमा बारा कलैया वाडा नं. १० वस्ने कामेश्वर शाह, बाराकै विश्रामपुर गाउँपालिका मनिष सर्राफ र पर्सा बीरगञ्ज ३ निवासी सुमन कुमार सर्राफलाई पक्राउ गरेको छ । राजस्व छली गरी बिल विजक बिना चाँदी भण्डार गरिदै आएको सूचना अनुसार सबैलाई पक्राउ गरिएको अपराध अनुसन्धान कार्यालयका प्रवक्ता रविन्द्र रेग्मीले जानकारी गराए । प्रवक्ता रेग्मीका अनुसार पक्राउ परेका तिनै जनामाथि राजस्व छली सम्बन्धी कसुरमा कारबाही प्रक्रिया अगाडि बढाइएको छ ।

## प्रतिबन्धित औषधी बेच्ने गोदाममा छापो, औषधी र सञ्चालक अनवर प्रहरीको हिरासतमा

**शुभम सन्देश, कलैया २३ पौष**



औषधी व्यवस्था विभागले वीरगञ्जको एक गोदाममा छापा मारी गरेको छ। विभागका निमित्त कार्यालय प्रमुख मुकेन्द्र पंजियारको नेतृत्वमा खटी गएको टोलीले वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ नगवास्थित एक घरको गोदाममा छापा मारी गरि नेपालमा प्रतिबन्धित करिब १५ लाख मूल्य बराबरको भारतीय आर्युवेदिक औषधी नियन्त्रणमा लिइएको निमित्त कार्यालय प्रमुख पंजियारले बताए।

उनकाअनुसार भारत पटनाको श्री वैद्यनाथ आर्युवेद भवनद्वारा उत्पादित विभिन्न ब्राण्डका १ सय ८० वटा कार्टुनमा रहेका ८ हजार बोत्तल औषधी बरामद गरिएको छ ।

बरामद औषधीसँगै सिरहा घर भएका हिमालयन सप्लायरका व्यवस्थापक महम्मद अतिक अनवरलाई पनि नियन्त्रणमा लिइएको छ ।

औषधि व्यवस्था बिभागको परीक्षणमा भारत पटनाको श्री वैद्यनाथ आर्युवेद भवनद्वारा उत्पादित औषधि अनुत्तीर्ण भएकाले उक्त कम्पनीको कुनैपनि औषधि नेपालमा आयात र बिक्री वितरण गर्न औषधि व्यवस्था विभागले यसअघि नै प्रतिबन्ध लगाइसकेको छ । तर अनवरले उक्त भारतीय कम्पनीको औषधि जानाजान आयात गरेर बिक्री वितरणका लागि भण्डारण गरेको सूचना पाएपछि गोदाममा छापा मारिएको पंजियारले बताए । नियन्त्रणमा लिइएका अनवरलाई जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा पठाइएको उनले जानकारी दिए ।

## बिहार गोविन्दगंजका संजय कुमार गुप्ताको नेपाली नागरिकता




वीरगञ्ज। वीरगञ्ज महानगरपालिका वडा नम्बर ५ का संजय कुमार गुप्ता भारतीय नागरिक भएको पाइएको छ । जन्मको आधारमा तत्कालीन हरपतगंज गाबिस वडा नम्बर ४ बाट गुप्ताले नेपाली नागरिकता लिएका थिए । फागुन ११ गते २०६३ सालमा उनले नागरिकता लिएको पाइएको छ । हाल उनी उक्त ठेगानाबाट बसाई सराई गरेर वीरगञ्ज महानगरपालिका वडा नम्बर ५ मा बसोबास गरीरहेका छन्। यही ठेगानाबाट उनले मतदाता परिचय पत्र बनाएको निर्वाचन आयोगमा उल्लेख छ ।

यता भारत बिहार राज्यको गोविन्दगंज विधानसभा मुख्यग्राम ममरखा थाना मालाहि अरेराज अनुमण्डलको भाग संख्या १३९ ई पि आई सी नम्बर ए एक्स एच ०४१३०१३ सिरियल नम्बर ४६८ मा संजय कुमार भनि नाम उल्लेख छ । उनको नामसँगै उनका आमा, बुबा, दाजु, भाई, काका, काकी समेतको नाम पनि त्यसमा पढ्न सकिन्छ । यही नाम नै उनी द्वैध नागरिक भएको पुष्ठि हुने आधार भएको भारतीय निर्वाचन आयोगका अधिकारीहरु बताउँछन्। यद्यपी संजय कुमार गुप्ताले भने उक्त प्रमाण झुठो रहेको दाबी गर्दै भारतीय निर्वाचन आयोगमा दर्ता भएको नाम आफ्नो नभएको जिकिर गरेका छन् ।

## 'चार्जिङ स्टेसन' मर्मत नहुँदा सेवाग्राही समस्यामा

भरतपुर, २३ पुस :

चितवनको इच्छाकामना गाउँपालिका-५ स्थित मुग्लिन बजारमा रहेको विद्युतीय सवारी 'चार्जिङ स्टेसन' मर्मत नहुँदा सेवाग्राही समस्यामा परेका छन् । झण्डै दुई महिनादेखि यहाँ रहेको चार्जिङ स्टेसन बिग्रेको हो । सञ्चालनमा आएको एक वर्ष नबित्दै चार्जिङ स्टेसनमा 'चार्ज' गर्ने 'नोजल' फुट्नुका साथै स्टेसनका दुई डिसी चार्जर बिग्रेको जनाइएको छ । हाल एउटा एसी चार्जर मात्र सञ्चालनमा छ । एसी चार्जरबाट सवारीसाधन चार्ज गर्दा ढिलो हुन्छ । गाडी चार्ज गर्न आउनुभएका गोरखाका ध्रुव गुरुङले चार्जिङ स्टेसन बिग्रँदा हैरानी बेहोर्नुपरेको गुनासो गर्नुभयो । उहाँले एसी चार्जरबाट चार्ज गर्दा घण्टौं कुर्नुपर्ने समस्या रहेको बताउनुभयो । उहाँले २० मिनेटमा गाडी जम्मा छ प्रतिशत चार्ज भएको बताउनुभयो । "बिग्रेको अवस्थामा झण्डै एक घण्टामा पूरै चार्ज हुन्थ्यो", उहाँले भन्नुभयो, "अहिले त दुई तीन घण्टा कुर्नुपर्छ ।" उहाँले सरकारले विद्युतीय सवारीसाधन प्रयोगमा जोड दिए पनि थप चार्जिङ स्टेसन निर्माण र बिग्रेका स्टेसनको समयमै निर्माण गर्ने कुरामा ध्यान नदिएको गुनासो गर्नुभयो । उहाँले धेरै चार्जिङ स्टेसन नहुँदा भएका स्टेसनमा धेरै समय लाइन लगाएर मात्रै चार्ज गर्न पाइने गरेको बताउनुभयो । चार्जिङ स्टेसन निर्माणको जिम्मा पाएको दिगोका आयोजना व्यवस्थापक शिव अधिकारीले चार्जिङ गर्ने नोजल फुटेका कारण समस्या भएको बताउनुभयो । उहाँले चार्जिङ स्टेसनमा फेर्नुपर्ने सामान मगाइसकेको र एक दुई दिनमै आउने बताउनुभयो । "भन्सारमा सामान आएको हप्तादिन भयो", उहाँले भन्नुभयो, "सम्भवत आज भन्सार छुटेर सामान काठमाडौं आइपुग्छ ।" उहाँले एक दुई दिनमा प्राविधिक टोली पठाएर मर्मतको काम गरिने बताउनुभयो । आयोजना व्यवस्थापक अधिकारीका अनुसार नेपाल विद्युत् प्राधिकरणमार्फत देशभर ६२ चार्जिङ स्टेसन निर्माण गरिएको छ । केही स्टेसनमा समस्या देखिएको छ । देशभर चार्जिङ स्टेसनका १५३ मध्ये २० मा समस्या देखिएको बताउनुभयो । उहाँले सबै स्टेसनमा बिग्रिएको मर्मत तत्काल सुरु गरिने जानकारी दिनुभयो । उहाँले चार्जर प्रयोग गर्दा सेवाग्राहीले सावधानी नअपनाउँदा समस्या आएको बताउनुभयो । उहाँले सवारीसाधन चार्जका विषयमा उपभोक्तालाई धेरै कुरा जानकारी गराउनुपर्ने बताउनुभयो । चितवनमा केन्द्रीय बस टर्मिनल र मुग्लिनमा नेपाल विद्युत् प्राधिकरणले चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको छ ।

सत्य तथ्य र निष्पक्ष सामाचारका लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक: तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
कम्प्यूटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरू................

-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔ ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौ ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔ ।

परवानीपुर गाउँपालिकाको
कार्यालय बारा

# लोकतान्त्रिक समाजवाद कि सामाजिक समाजवाद ?

नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईले केही समय अगाडि अनलाइनखबरसँगको एक अन्तर्वार्तामा कम्युनिस्ट प्रणाली नरहने ठोकुवा गरेका छन्। उनले भनेका छन्, 'तपाईंले लेखेर राख्नुहोला, अब कम्युनिस्ट प्रणाली भन्ने नै रहँदैन। किनकि त्यसको मुख्य कुरा भनेको निजी सम्पत्तिको अन्त्य हो। कम्युनिस्ट घोषणापत्रको सार साम्यवाद भनेको निजी सम्पत्तिको अन्त्य हो। तर निजी सम्पत्ति अन्त्य हुने कुरा होइन रहेछ।

निजी सम्पत्तिको कारणले नै सभ्यता यहाँसम्म आइपुगेको छ।'परन्तु डा. भट्टराईले 'कम्युनिस्ट समाज' को बारेमा प्रश्न उठाएर समाजवादको परिभाषा यसरी गरेका छन्– 'माओवादी छाडेपछि मेरो प्रयत्न अब शास्त्रीय साम्यवाद होइन, समाजवाद मात्रै भने पुग्छ भन्नेमा रहँदै आएको छ। नयाँ शक्ति हुँदै अहिले समाजवादी पार्टीसम्म यही प्रयोग गरेका छौं। लोकतन्त्र सहितको समाजवादमा तीन तत्व हुन्छन्- स्वतन्त्रता, समानता र समृद्धि। यही प्रणाली नै अहिलेको युगको समुन्नत समाजवाद हो।'वैज्ञानिक समाजवाद अर्थात् कम्युनिज्मका सूत्रधार स्वयं कार्ल मार्क्सले भनेका छन्- 'सम्पत्ति विना उत्पादन हुन सक्दैन, तसर्थ निजी सम्पत्ति खासरूप हो।

जबकि इतिहासको सम्पत्ति आधारभूत हुन्।'मार्क्सको विचारमा पूँजी र पूँजीपति हुनु न र ाम्रो होइन। पूँजीपति हुनुको तात्पर्य व्यक्तिगत मात्र होइन, बरू सामाजिक स्थान ग्रहण गर्नु पनि हो। पूँजी एक सामूहिक उपज हो। समाजका अनेक सदस्यहरूको प्रयासले मात्र, अन्त्यमा समाजका सबै सदस्यहरूको प्रयासले मात्र त्यसलाई गतिशील तुल्याउन सकिन्छ।मार्क्सले अझ स्पष्टता साथ पूँजीको सामाजिक चरित्रबारे भनेका छन्– 'पूँजी व्यक्तिगत मात्र होइन, सामाजिक शक्ति हो।

यदि सामाजिक सम्पत्तिमा परिणत हुन्छ भने अर्थात् त्यसलाई समाजका सबै सदस्यहरूको हक लाग्ने सम्पत्तिको रूप दिइन्छ भने त्यो व्यक्तिगत स्वामित्वको सामाजिक रूपान्तरण होइन, खाली सम्पत्तिको सामाजिक रूप बदलिन्छ, त्यसको वर्गीय रूप गुमाउँछ। 'कार्ल मार्क्सका उपरोक्त विचार नै वैज्ञानिक समाजवादको अर्थ-राजनीतिको वैचारिक आधार हुन् भन्ने सवालमा मार्क्सवादीहरूमा कतै कुनै द्विविधा छैन। तर वैज्ञानिक समाजवाद बुझ्ने र लागू गर्ने सन्दर्भमा भने विविधता रहेका छन्।सोभियत समाजवादी क्रान्ति हुँदै चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिसम्मको वैज्ञानिक समाजवादी प्रयोगहरू भिन्न-भिन्न परिवेश र स्वरूपमा लागू गर्ने प्रयास भएका हुन्। तर ती सबै प्रयासहरू समाजवादको अभ्यासका रूपमा स्थापित रहिरहेका छन्।

वर्ग-संघर्षको यी महान् संघर्षलाई कसैले कसरी नकार्न सक्छ होला !कम्युनिस्ट अर्थात् समाजवादी समाज असम्भव होइन। तर यसको भाष्य र प्रयोगमा भने विरोधाभासहरू रहिरहेका छन्। पेरिस कम्युनलाई निश्चय नै कम्युनिस्टहरूको कम्युनिज्मको मोडल मानियो, जुन कम्युनको सुरुआती थियो। त्यसको विकसित र रुपान्तरित कम्युनिज्म चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्ति हो। यो मान्न भने प्रायः कम्युनिस्ट पार्टीहरूले अस्वीकार गरे।सर्वहारा सांस्कृतिक क्रान्ति त्यसभन्दा पहिले सम्पन्न भएको अग्रगामी महान् छलाङका समयमा प्रयोग भएको 'कम्युन प्रणाली' भन्दा विकसित थियो। त्यसमा राज्य र पार्टीको नोकरशाही विरुद्ध जनसमुदायको समानान्तर समाजको विकास गरेका थिए।

त्यसैको मानवीय विकासको आधारमा आजको समुन्नत चिनियाँ समाज खडा भएको छ।जनवादी-राष्ट्रिय क्रान्ति हुँदै अग्रगामी महान् छलाङ एवं सांस्कृतिक क्रान्तिसम्मको प्रयोग र विकासले तयार पारेको मानविकी विकासको आधार विना एक सय वर्षमा युरोप, अमेरिकी विकासको हाराहारीमा पुग्न पूँजीवादको बलबुताले मात्र सम्भव थिएन, जो मान्छेहरू सोच्ने गर्छन्।सांस्कृतिक क्रान्तिकालमा राजनीतिक, आर्थिक र सामाजिक रूपमा स्वतन्त्र समाजको सर्वोच्चता स्थापित गरिएको थियो। समाजवादी समाज निर्माणका लागि पार्टी र राज्यसंयन्त्र साधक होइन, बाधक रहेको पुष्टि सांस्कृतिक क्रान्तिले गरेको थियो।

हाम्रो समाजमा समाजवादको आफू अनुकूल व्याख्या गरेर घुमिफिरी पूँजीवादी लोकतान्त्रिक समाजवादमा पुऱ्याउनेहरूको बोलवाला छ। उनीहरूको वर्गसंघर्ष होइन, 'मेलमिलाप, सहयोग, सहकार्य' मा जोडबल हुने गर्छ।यहाँ निजत्वको विलोप हुँदैन परन्तु प्रत्येक मानिसको व्यक्तित्व विकासको आधार र व्यवस्था हुने सामाजिक आर्थिक व्यवस्था हुनुपर्छ न कि अहिलेसम्म परिकल्पना र अभ्यास गर्दै आएको पार्टी र राज्य नियन्त्रित निर्देशित र संरक्षित भनिएको 'समाजवाद' ले श्रम शक्तिप्रधान तथा स्वाधीन स्वाभिमान समाजको विकास र विस्तार दुवै सम्भव भएनन् र हुँदैन पनिवास्तविकता यो हो कि अहिले झन् झनै उत्पीडन, शोषण, अन्योल र अराजकता व्याप्त छ। राज्य-पार्टीका संयन्त्र जनताको आँखामा, मनमा भ्रष्ट र पदलोलुप देखिन्छन्। भलै कतिपय राज्य, सरकार प्रमुख अधिकारी र दलका नेताहरूका कम बेसी असल, नैतिकवान् र जनपक्षीय होलान्। यही कारणले पनि सामाजिक विकल्प अनिवार्य छ।

जबदेखि पूँजी निर्माण र पूँजीवादी समाज अस्तित्वमा आयो, तबदेखि नै मजदुर, किसान तथा श्रमिक समुदायको समतामूलक समाज अस्तित्वमा रहिआएको छ। सबै शोषित वर्ग, उत्पीडित समुदायहरू पूँजीवादको चरम अवस्था अर्थात् सर्वत्र एकाधिकार र उत्पीडनको शिकारबाट उन्मुक्ति प्राप्त गर्न आज पनि विश्वव्यापी आन्दोलित छन्। यी सबैको साझा उद्देश्य समतामूलक, समुन्नत सामाजिक समाज हो।नेपालमा जनयुद्धको घोषित उद्देश्य पूरा भएन, यसको अर्थ समाज विज्ञान नै गलत भएको भने होइन। त्यो संघर्षको एक रूप थियो। संघर्षको एउटा रूप र तरिका असफल हुनुको अर्थ विचार धारा वा सामाजिक विज्ञान असफल भएको मानिंदैन।

समुन्नत सामाजिक समाजको अर्थात् कम्युनिज्मको विचारधारा असत्य हुन सक्दैन। बरु वर्गीय समाज विकासको अन्तरविरोधहरूले त्यसको आवश्यकता र औचित्य पुष्टि गरिरहेछ।त्यो वैज्ञानिक समाज स्थापनाका निमित्त संघर्षका अनेक रूपहरूको प्रयोग सँगसँगै समानान्तर रूपले स्वाधीन स्वायत्त सामाजिक समाजको निर्माण र विस्तारमा ठोस र घनीभूत ढंगबाट मिहिनेत गर्नुपर्ने छ। राज्य सत्ता र सरकारमा पहुँच र वर्चस्व कायम गरेर विकास बजेटबाट गाउँ-ठाउँको विकास गरेर, बाँडेर समाजवादको आधार बन्ने होइन, बरु पूँजीवादलाई मात्र बलियो बनाउँछ। न त सामाजिक सुरक्षाको राहत र सुधार कार्यक्रमहरूले समाजवादी आधार तयार हुन्छ।जुन कम्युनिस्ट पार्टीहरूको बुझाइमा अझै पनि पूँजीवादको विकास विना समाजवादको कल्पना पनि गर्न सक्दैनन्। जबकि पूँजीवाद र समाजवाद विपरित ध्रुव हुन्। जसले एक अर्कोलाई निषेध र ध्वंस गर्न सम्पूर्ण शक्ति लगाउँछ।लेनिनको 'पूँजीवादको बाटो भएर समाजवाद पुग्ने' सिद्धान्तको प्रयोग गरेर सोभियत समाजवादको स्वरूप निर्माण भएको थियो।

त्यसैलाई नमूना मानेर चीन समेत विश्वभर त्यो विचार 'पूँजीवादी चरण' अर्थात् 'जनवादी-क्रान्ति' लाई न्यूनतम कार्यक्रम मानेर पूँजीवादका लागि सम्पूर्ण समर्पण गरियो। तत्कालीन विश्व परिवेशको अवसरमा चिनियाँ, कोरियन र भियतनामी क्रान्ति बाहेक प्रायः अधिक देशमा राष्ट्रिय जनवादी क्रान्ति अधुरो रहे।पूँजीवादको वैश्विक अर्थ-राजनीतिक व्यवस्थाको युगमा फेरि पूँजीवादी क्रान्ति र आधारको औचित्य कसरी पुष्टि हुन्छ ? जबकि प्रारम्भदेखि नै समाजवादको लागि समाजवादी अर्थ-राजनीति, सांस्कृतिक र सामाजिक आधारको निर्माण तथा सृजना आवश्यक हुन्छ। यो समाजवादी आन्दोलनको अनुभवले पुष्टि गरेको छ।जसरी पूँजीवादी समाजभित्र समाजवादी विचार र आधार अंकुरित हुन्छन् त्यसरी नै समाजवादी समाज भित्र पनि पूँजीवादी अवशेष जीवित, पुनर्जीवित तथा अस्तित्वमा सदिऔंसम्म रहिरहन्छन्।

यसकारण पूँजीवाद र समाजवाद वर्गीय समाज रहँदासम्म शान्तिपूर्ण, जुझारु र सशस्त्र संघर्षको सहअस्तित्वमा रहन्छ।यसकारण पूँजीवाद र समाजवाद वर्गीय समाज रहँदासम्म शान्तिपूर्ण, जुझारु र सशस्त्र संघर्षको सहअस्तित्वमा रहन्छ। यसको अर्थ हो कि पूँजीवादी व्यवस्था तथा राज्य-सरकार नियन्त्रित राष्ट्र-राज्यमा समाजवादी समाजको अस्तित्व र अभ्यास सम्भव हुन्छ, यो समग्र अर्थ-राजनीति तथा सामाजिक क्रान्तिको रूपमा निरन्तर जारी रहन्छ।समाजवादी समाज, सत्ता अभ्यास र सरकार अन्तर्गत पूँजीवादको अवशेषलाई अस्वीकार वा निषेध गर्न सकिंदैन। पूँजीवाद र समाजवाद सहअस्तित्वमा कैयौं दशक र शताब्दीसम्म प्रतिस्पर्धात्मक रूपमा कायम रहनेछ भन्ने सच्चाइलाई मनन् गर्नु आवश्यक छ। जनताको क्रय क्षमताको वृद्धि उसको उत्पादकत्व क्षमतामा भरपर्छ भने वैज्ञानिक समाजवाद सम्पत्ति वा निजत्वरहित कसरी कल्पना गर्न सकिन्छ ? जबकि व्यक्तिको स्वतन्त्र विकासले मानिससँग रहेको अपार क्षमता र गुणलाई समाज विकासमा कसरी लागू गर्ने यो नै वैज्ञानिक समाजको चुनौती बन्न जान्छ।यसको यो पनि अर्थ हो कि वर्तमान विश्व व्यवस्थामा राज्यसत्तामाथि पूर्ण वर्चस्व विना पनि असंख्य संख्यामा समाजवादको अभ्यास गर्न सम्भव छ। पूँजीवादी समाजसँग प्रत्यक्षरूपले प्रतिस्पर्धा गर्न सम्भव छ।

माथिबाट राजनीतिक हस्तक्षेप र तल आधारमा जनसमुदायको राजनीतिक सशक्तीकरण (दलीय नोकरशाही मुक्त) सामाजिकता स्वाधीन स्वरूपको आर्थिक विकास (वित्तीय बजार नियन्त्रण मुक्त तथा अन्तर निर्भर अर्थव्यवस्था) मा आधारित जनसमाजको अभ्यासले जनसमुदायलाई समाजवाद उन्मुख बनाउनेछ। तर यसको लागि सांस्कृतिक क्रान्तिकालमा अभ्यास गरे झैं श्रमजीवी जनतालाई नै राजनीतिको मियो अर्थात् मेरूदण्ड जनतालाई नै बनाउनुपर्नेछ।

**बाँकी तेस्रो पृष्ठमा........**

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

बारागढि गाउँपालिकाको कार्यालय बारा द्वारा जनहितमा जारी सन्देश

# लोकतान्त्रिक समाजवाद.............

जसरी समाज विकास विविधता र अन्तरविरोधी हुँदै विकासमान छ, त्यसैगरी समाजमा उत्पादन र वितरण मा विविधता र असमानता जारी र हन्छ। व्यक्तिको स्वतन्त्र विकास, मानिसको चेतनामा असमान विकास, सामाजिक विविधता सांस्कृतिक रुपान्तरणका विषयहरूले समाज विकासको स्वरूप र चरित्रलाई निर्धारण गर्छ।समाजका चालक शक्ति जनताको सामाजिक, सांस्कृतिक र आर्थिक स्तर र आपूर्तिले निर्धारण गर्छ। जनताको क्रय क्षमताको वृद्धि उसको उत्पादकत्व क्षमतामा भरपर्छ भने वैज्ञानिक समाजवाद सम्पत्ति वा निजत्वरहित कसरी कल्पना गर्न सकिन्छ ? जबकि व्यक्तिको स्वतन्त्र विकासले मानिससँग रहेको अपार क्षमता र गुणलाई समाज विकासमा कसरी लागू गर्ने यो नै वैज्ञानिक समाजको चुनौती बन्न जान्छ।

निश्चय हो कि वैज्ञानिक समाजवाद बारे देश, परिस्थिति, समय, काल तथा समाज विकासको आधारमा परिभाषित र प्रयोग हुन्छन्। समाजवादी पनि वर्गीय हुन्छन्। एकथरी जसलाई पूँजीवादी समाजवाद भन्न सकिन्छ, जो जो यथास्थितिको राज्य व्यवस्थामा पहुँच वा वर्चस्व बनाउन सक्दछ।प्रायः ती सबै राजनीतिक शक्तिहरूले राज्यद्वारा संरक्षित पोषित वर्ग समुदाय बुर्जुवाहरूको पूँजी नियन्त्रित र व्यक्ति केन्द्रित समाज अर्थात् पूँजीवादी समाजवाद (समाजवादी ब्राण्ड मतदाताको बजारमा) बिकाउ छ, को पुर्पक्ष गर्दै आएका छन्।अर्को समाजवाद जो शोषण उत्पीडनबाट मुक्त अर्थात् स्वाधीन, स्वावलम्बी, स्वाभिमान जनसमुदाय श्रमजीवीहरूको सामाजिक समाज। जहाँ पूँजी, सम्पत्ति र प्रत्येक व्यक्तिको विकास सामूहिकता, सामाजिकता र मानव-प्रकृति विज्ञानको हितमा केन्द्रित हुन्छन्।यस्तो समाज सामाजिक सामुदायिक सर्वोच्चता होओस्; राज्य व्यवस्था र पार्टी अस्तित्व निमित्त सहयोगीमा सीमित होस्; समाजका चालक स्वयं सामाजिक समुदायमा निहित होऊन्। यी मान्यतालाई नै समतावादी सामाजिक समाजवाद मान्न सकिन्छ।जसरी समाज विकास विविधता र अन्तरविरोधी हुँदै विकासमान छ, त्यसैगरी समाजमा उत्पादन र वितरणमा विविधता र असमानता पूँजीवादको अवशेष रहँदासम्म युगौंयुगसम्म जारी रहन्छ।

जसरी वर्तमानमा एक समाज, एक परिवारमा समेत प्रत्येक व्यक्ति विशेष विविधता सोच्ने विचार बौद्धिकता, उत्पादन, श्रम क्षमतामा असमानता हुने गरेका छन्। यही परिवेश समाजवादी समाजमा पनि रहिरहन्छन्।यस हिसाबले समाजवादी समाजमा झनै सम्पूर्ण मानिसहरू पूर्णरूपले बौद्धिक, मानसिक, शारीरिक र बहुआयामिक श्रम तथा उत्पादन क्षमताको विकास अनिवार्य हुनुपर्नेछ। न कि अहिले राज्यद्वारा पालित, पोषित र आश्रित भोटबैंक जस्तो। यसकारण प्रत्येक मानिसको उत्पादकत्व, श्रम क्षमताको विकासले उसको क्रय क्षमताको विकास गराउँछ र उसको आवश्यकता स्वयं पूर्ति गर्न सक्षम हुन्छन्। त्यही समाज नै उन्नत, सु-संस्कृत र समृद्ध मानिन्छ। त्यही समाज नै वैज्ञानिक समाजको विकसित रूप होला।

यहाँ निजत्वको विलोप हुँदैन परन्तु प्रत्येक मानिसको व्यक्तित्व विकासको आधार र व्यवस्था हुने सामाजिक आर्थिक व्यवस्था हुनुपर्छ न कि अहिलेसम्म परिकल्पना र अभ्यास गर्दै आएको पार्टी र राज्य नियन्त्रित निर्देशित र संरक्षित भनिएको 'समाजवाद' ले श्रम शक्तिप्रधान तथा स्वाधीन स्वाभिमान समाजको विकास र विस्तार दुवै सम्भव भएनन् र हुँदैन पनि।व्यक्तिको स्वतन्त्र विकास, मानिसको चेतनामा असमान विकास, सामाजिक विविधता, सांस्कृतिक रुपान्तरणका विषयहरूले समाज विकासको स्वरूप र चरित्रलाई निर्धारण गर्छ। समाजका चालक शक्ति जनताको सामाजिक, सांस्कृतिक र आर्थिक स्तर र आपूर्तिले निर्धारण गर्छ।

जनताको क्रय क्षमताको वृद्धि उसको उत्पादकत्व क्षमतामा भरपर्छ भने वैज्ञानिक समाजवाद सम्पत्ति वा निजत्वरहित कसरी कल्पना गर्न सकिन्छ ? जबकि व्यक्तिको स्वतन्त्र विकासले मानिससँग रहेको अपार क्षमता र गुणलाई समाज विकासमा कसरी लागू गर्ने यो नै वैज्ञानिक समाजको चुनौती बन्न जान्छ।वर्गीय समाजमा 'समाजवाद' पनि वर्गीय हुन्छ। पूँजी र निजी सम्पत्तिको अस्तित्व समाजमा स्थापित भए सँगसँगै वैकल्पिक सामाजिक समाज पनि अस्तित्वमा रही आएको छ।

आज पनि पूँजीको प्रभुत्व र राज्यको विस्तार नपुगेको गाउँ-ठाउँमा परम्परादेखिको सामाजिक समुदायको समाज अस्तित्वमा छन्।ती समाजहरू पूँजीवादी समाजवादका उन्नत र समृद्ध भनिएका समाज भन्दा कैयौं गुणा सामूहिकता सांस्कारिक शान्ति र स्वतन्त्रताको अद्भुत अनुभूति गर्दछन्। यद्यपि त्यहाँका समुदायमा भौतिक विपन्नता र कठिनाइ भोग्न बाध्य छन्। यदि त्यो समाजको सम्पदा र श्रमशक्तिको सही सदुपयोग गर्न स्वाधीन हुने हो भने ती उन्नत समाजमा बदलिने छन्।

*लेखक माओवादी नेता हुन्।*

सत्य तथ्य र निष्पक्ष सामाचारका लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।

# अन्तर्राष्ट्रिय खबर

## इजरायल र लेबननको सीमामा हुनसक्छ अर्को युद्ध

चम्किला चट्टानका गुफामा परेका न्यानो घामका किरण र त्यहाँबाट देखिन भूमध्ये सागरका दृश्य निकै रमणीय छन् । इजरायल र लेबनानको सीमामा रहेका गुफाबाट देखिने भूमध्ये सागरको दृश्य जति शान्त छ त्यसको विपरीत त्यहाँ युद्धको खतरा लुकेको छ ।किनार नजिकै नौसेना हातहतियार सहित तैनाथ छन् । मध्यपूर्वको प्रख्यात पर्यटकीय गन्तव्य अहिले सेना र बख्तरबन्द गाडीले भरिएका छन् ।

दुश्मनका गतिविधि निगरानीका साथै सम्भावित खतरा टार्नका निम्ति सीमा क्षेत्रको जंगलमा इजरायली रक्षा बल (आईडीएफ ) तैनाथ छ । उनीहरु ७ अक्टोबर देखिनै त्यहाँ छन् ।प्राकृतिक रुपमा शान्त र मनोरम देखिने त्यस इलाकामा भीषण युद्धको सम्भावना छ । इजरायल र इरान समर्थित लेबनानको शसस्त्र समुह हिज्जबुल्लाहबीच युद्धको सम्भावना बढेको हो ।हिज्बुल्लाहको बलियो पकड भएको बेरुतमा इजरायलको ड्रोन हमलाबाट हमासका वरिष्ठ नेता सलेह-अल अरोउरी सहित अन्य कमाण्डर मारिएसँगै युद्धको संकट निम्तिन लागेको हो ।इजरायली ड्रोनको यो हमलासँगै हिज्बुल्लाहले चेतावनी दिएको । 'यो हत्याको दण्ड हामी दिनेनै छौं, हाम्रा औंलाहरु बन्दुकका ट्रिगरमा छन्,' चेतावनीबारे द इकोनोमिस्टले लेखको छ ।यस हमला अगावै युरोपेली अधिकारीहरुले हिज्बुल्लाह र इजरायलबीच छिट्टै युद्ध हुने संकेत गरेका थिए ।

इजरायल ड्रोनको आक्रमण भएसँगै इरानमा १०० जनाको ज्यान जानेगरी हमला भयो । यो घटनामा अमेरिका र इजरायल दोषी रहेको इरानले बताएको छ ।हमासको हमलापछि सम्पूर्ण शक्ति प्यालेस्टाइनतर्फ तैनाथ हुँदा हमासको बलियो सहयोगी हिज्जबुल्लाहबाट इजरायलमा हमला हुनसक्ने चुनौतीका कारण इजरायली सेना उत्तरी इलाकामा बाक्लो रुपमा परिचालित थिए ।इजरायलका रक्षा मन्त्री योएभ जलान्ट हिज्बुल्लाहमाथि हमला गर्नुपर्ने पक्षमा थिए । अक्टोबर ११ मा व्यावहारिक र सन्तुलित नेता बेनी जन्ट सरकारमा आएसँगै यो योजनाबाट इजरायल पछि हटेको थियो । इजरायललाई समर्थन गर्दै आएको अमेरिकाले पनि हिज्बुल्लाहलाई हमला नगर्न भन्यो र लेबननको सीमा क्षेत्रमा हवाइ सेना पठायो । १८ अक्टोबरमा इजरायल पुगेका अमेरिकी राष्ट्रपति जो बाइडेनले हिज्बुल्लाह सहित अन्यलाई चेतावनी दिँदै भनेका थिए, 'इजरालयमाथि कुनै पनि राज्य वा सशस्त्र समुहले हमला नचिताए हुन्छ ।'हिज्बुल्लाहले इजरायल केन्द्रित क्षेप्यास्त्र हानिरहेको छ। हिज्बुल्लाह र इजरायल दुबैले अहिले सीमा क्षेत्रमा हमला गरिरहेका छन् ।हिज्बुल्लाह र इजरायलको आमने सामने निकै पुरानो हो ।

हिज्बुल्लाह र इजरायलको गतिविधि सुरु भएसँगै लेबनान सीमाका धेरैले त्यस इलाका छोडिसेका छन् ।इजरायलको स्लोमी र क्रियत सोमना भुतको शहरझैँ भइसके । अक्टोबरदेखि हालसम्म त्यसक्षेत्रमा हिज्बुल्लाहले १४६ लडाकु र इजरायलले १५ सेना गुमाएको छ। लेबनानका ३ पत्रकारले पनि ज्यान गुमाएका छन् ।सन् २००६ मा हिज्बुल्लाहले सीमा पारिनै पुगेर इजरायली सेनाको गस्ती टोलीमाथि हमला गरेको थियो । हिज्बुल्लाहले इजरायली ५ सैनिकको ज्यान लियो। यसलगत्तै इजरायली सेनाले लेबननमा स्थल अपरेशन चलायो । त्यसमा हिज्बुल्लाहलाई खासै असर परेन। लेबननका निहत्था नागरिक र संरचना भने ध्वस्त भए ।हिज्बुल्लाहले आफूलाई प्रतिरोधीका रुपमा व्याख्या गर्छ। उसले १ लाख ५० हजार युनिट क्षेप्यास्त्र बनाइसकेको छ। यी मध्ये केही सय त इजरायलको जुनसुकै कुनामा हमलाका लागि सक्षम छ । आफूसँग एक लाख लडाकु रहेको उसको दाबी छ ।इजरायललाई युद्ध अन्त्यका निम्ति चौतर्फी दबाब छ। यद्यपि हमासको हमलापछि वरिष्ठ सैन्य अधिकारीहरु भने सीमामै अर्को खतरा लामो समयसम्म राख्न नहुने तर्क गरिरहेका छन्। हिज्बुल्लाहले आफ्नो सैन्य बललाई इजरायलमा हमलाका लागि तालिम दिएकाले उनीहरुलाई निमिट्यान्न पार्नुपर्ने कतिपय सैन्य अधिकारीहरुको जोड छ ।इजरायली सेनाका प्रवक्ताको भनाइ उद्दृत गर्दै द इकोनोमिस्टले लेखेको छ, 'हामी अहिले रक्षा पंक्तिमा रहे पनि इजरायल अहिले युद्धमै छ । हाम्रा नागरिकहरु शान्तसँगले घर फर्किन नपाउन्जेलसम्म र हिज्बुल्लाहलाइ सीमा नजिकै रहिरहन दिएसम्म हाम्रो अभियानले सफलता पाउँदैनन् ।'पश्चिमा अधिकारीहरुका अनुसार गाजामा हमला जारी राखेर इजरायलले दोस्रो मोर्चामा आक्रमण गर्न चाहेको छ ।

त्यसैले उसले गाजाबाट ठूलो मात्रामा सेना फिर्ता बोलाएको छ। इजरायलीहरु हिज्बुल्लाहविरुद्ध कुनै पनि समयमा आक्रामक हुनसक्छन् ।यद्यपि यस युद्ध दुबैका निम्ति हितकर भने छैन। इजरायल यसै पनि आलोचित भइरेहछ ।हिज्बुल्लाहलाई पनि सन् २००६ को गहिरो चोटले अझै त्रस्त बनाइरहन्छ । इजरायलविरुद्ध इरानले आफ्ना निकटहरुलाइ परिचालन गरिरहेको आरोप लागिरहेको छ। सशस्त्र समुहले इजरायल लक्षित गर्दै सरिया र यमनबाट समेत क्षेप्यास्त्र हानेका छन् ।इराकमा पनि ती समुहले अमेरिकी सेनामाथि हमला गरेका छन् । अर्कोतर्फ रेड सीमा हुथी समुहले अववरोध खडा गरिरहेको छ। हुथीले रेड सीमा आक्रम सुरु गरेसँगै अमेरिकी २००० सेना त्यसतर्फ तैनाथ छन्। यही मौका छोपेर आफूमाथि हिज्बुल्लाहको आक्रमण हुने र त्यसलाई प्रतिरोध गर्न कठिन हुने त्रासमा इजरायल छ ।मध्यस्थकर्ताहरुले हिज्बुल्लाहलाई सीमा क्षेत्रबाट अझै पर राख्न खोजिरहेका छन् ।

सन् २००६ को युद्ध अन्त्यका लागि राष्ट्रसंघको प्रस्ताव १७०१ अनुसार हिज्बुल्लाहलाई लिटानी नदीको उत्तरी क्षेत्रमा राख्नेगरी मध्यस्थकर्ताहरुले कुराकानी गरिरहेका हुन्। तर लेबनान र राष्ट्रसंघीय शान्ति सेना दुबैले त्यस प्रस्तावको पालना गराउन सकिरहेका छैनन् ।इजरायलले हिज्बुल्लाहले हमलाको लक्ष्य राखेकाले सीमा क्षेत्रमा सुरुङ बनाएको आरोप लगाएको छ। सन् २०१८ मा इजरायलले सीमा क्षेत्रमा ६ वटा सुरुङ पत्ता लगाएकोत थियो ।यस्तै उसले नागरिका घरहरुमा रकेट लन्चर राखेको आरोप इजरायलको छ । राजनीतिक रुपमा त्यहाँ वार्ता गर्न संभव छैन। सन् २०२२ देखि त्यहाँ कामचलाउ सरकार छ ।सन् २०२२ अक्टोबरमा इजरायल र लेबननले व्यापारका निम्ति सामुन्द्रिक सीमा तय गरेका थिए । दुबै पक्षका नेताहरुले आक्रोशओकलेपनि व्यवहारिक रुपमा उनीहरु सतर्क भने छन् ।इजरायलमा लामो समय प्रधानमन्त्री बनेका बिन्यामित नेतान्याहुले सीमा पार आक्रमण नगर्न लामो समय संयमता नै अपनाएका थिए। यस्तै ३ दशकबढी हिज्बुल्लाहका नेता रहेका हसन नसरल्लाह पनि सकभर युद्ध टार्ने मनसायमै छन् ।

*- इकोनोमिस्टमा प्रकाशित लेखको भावानुवाद*

जाडोको समयमा चिसो बाट बचौ ।

- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं ।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।

करैयामाई गाउँपालिकाको कार्यालय ,करैया ,बारा

त्रिमौसमदको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# राष्ट्रियसभा सदस्य निर्वाचनमा ५२ जना उम्मेदवारको

काठमाडौं, २३ पुस :

आगामी माघ ११ गते हुन लागेको राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि सोमबार सातै प्रदेशका सम्बन्धित निर्वाचन कार्यालयमा विभिन्न समूहका लागि ५२ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

कूल १९ सिटका लागि हुने निर्वाचनमा सातै प्रदेशमा महिला समूहतर्फ १७, दलित समूहतर्फ छ, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायतर्फ आठ, र अन्य समूहतर्फ २१ गरी जम्मा ५२ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको निर्वाचन आयोगले जनाएको छ ।

सोमबार बिहान १० बजेदेखि अपराह्न ३ बजेसम्म सातवटै प्रदेशको निर्वाचन अधिकृतको कार्यालयमा शान्तिपूर्णरूपमा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले जानकारी दिनुभयो । आयोगका अनुसार कोशी प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट जम्मा पाँच, मधेस प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट पाँच उम्मेदवारको मनोनयन पत्र दर्ता भएको छ ।

बागमती प्रदेशमा महिला समूहका लागि चार राजनीतिक दलका तर्फबाट, दलित समूहका लागि तीन राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायका लागि चार राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि चार राजनीतिक दलका तर्फबाट जम्मा १५ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

गण्डकी प्रदेशमा महिला समूहका लागि तीन राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट आठ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ । लुम्बिनी प्रदेशमा महिला समूहका लागि तीन राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि चार राजनीतिक दलका तर्फबाट सात उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ । कर्णाली प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट, दलित समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि दुई राजनीतिक दलका तर्फबाट छ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

सुदूरपश्चिम प्रदेशमा महिला समूहका लागि तीन राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदायका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि दुई राजनीतिक दलका तर्फबाट छ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार यही पुस २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने, पुस २५ र २६ गते मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी नामावली प्रकाशित गर्ने, पुस २७ गते उम्मेदवारले नाम फिर्ता लिने तथा अन्तिम नामावली प्रकाशन गर्ने र पुस २८ गते उम्मेदवारलाई निर्वाचन चिह्न वितरण हुने कार्यसूची छ ।




# खेल खबर

## ब्राजिलको प्रशिक्षक बन्न डोरिबल जुनियरले छाडे साओ पाउलो

२३ पुस, काठमाडौं ।

ब्राजिलियन राष्ट्रिय फुटबल टिमको प्रशिक्षक बन्नका लागि त्यहाँको क्लब साओ पाउलोका प्रशिक्षक डोरिबल जुनियरले क्लब छाडेका छन् ।साओ पाउलोले डोरिबलले क्लब छाडेको आइतबार पुष्टी गरेको छ । ब्राजिलले भने डोरिबलको नियुक्तिबारे आधिकारिक धारणा सार्वजनिक गरेको छैन ।

ब्राजिलले शुक्रबार अन्तरिम प्रशिक्षक फर्नान्डो डिनिजलाई जिम्मेवारीबाट मुक्त गर्दै नयाँ स्थायी प्रशिक्षकको खोजी गरेको थियो । अन्तर्राष्ट्रिय सञ्चार माध्यम अनुसारका अनुसार अब डोरिबल नै ब्राजिलको नयाँ प्रशिक्षक बन्नेछन् ।अन्तर्राष्ट्रिय समाचार एजेन्सी रोयटर्सका अनुसार डोरिबल नै ब्राजिलको प्रशिक्षकका लागि पहिलो विकल्पमा छन् ।ब्राजिलयन फुटबल महासंघ (सीबीएफ) कार्लो एन्सेलोट्टीलाई अनुबन्ध गरे प्रयास असफल भएपछि नयाँ प्रशिक्षक खोजी गरेको हो ।६१ वर्षीय डोरिबलले आफ्नो सपना पार हुन लागेको बताएका छन् । उनले भने, 'यो व्यक्तिगत सपना पूरा हुँदैछ ।'साओ पाउलोका अध्यक्ष जुलियो सेजारेसले डोरिबललाई प्रस्ताव आउनु नै आफ्नो क्लब राम्रो स्थानमा हुनु बताएका छन् । साथै उनले डोरिबललाई नयाँ चुनौतीका लागि शुभकामना पनि दिएका छन् ।ब्राजिल २०२६ को लागि राम्रो टिम निर्माण गर्दै सिधै छनोट हनका लागि स्थायी प्रशिक्षकको खोजीमा छ ।

सन् २००२ बाट प्रशिक्षकको यात्रा सुरु गरेका डोरिबलले सन् २०२२ मा फ्लेमेङ्गोलाई कोपा लिबरटाडोर`सको उपाधि दिलाएका थिए । त्यसपछि उनी साओ पाउलोमा अनुबन्ध भएका थिए । जहाँ उनले गत वर्ष क्लबलाई पहिलो ब्राजिलियन कप जिताएका थिए ।

उनले एट्लेटिको मिनेइरो, एथ्लेटिको पारानाएन्स, इन्टरनासिओनाल, भास्को द गामा, फ्लुमिनेन्स र पाल्मेइरासको प्रशिक्षण सम्हालिसकेका छन् ।सन् २०२६ को विश्वकपको दक्षिण अमेरिकी छनोटमा ब्राजिल छैटौं स्थानमा छ । अहिलेसम्म खेलेका ६ मध्ये ब्राजिलले २ खेल मात्र जितेको छ भने ३ खेल हारेको छ । १ खेल बराबरी खेलेको थियो ।

## गण्डकीलाई सोझो सेटमा हराउँदै आर्मी राष्ट्रिय भलिबलको सेमिफाइनलमा



२३ पुस, काठमाडौं ।

३४ औं राष्ट्रिय भलिबल प्रतियोगितामा समूह बी अन्तर्गत गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा हराउँदै त्रिभुवन आर्मी क्लब सेमिफाइनल प्रवेश गरेको छ ।समूह बी मा रहेको आर्मीले लगातार तेस्रो जितसहित सेमिफाइनल यात्रा तय गरेको हो । विरेन्द्रनगर सुर्खेतमा भएको खेलमा आर्मीले गण्डकीमाथि ३१-२९, २५-२१ र २५-२१ को सेटले पराजित गरेको हो ।यसअघि आर्मीले सुदूरपश्चिमलाई ३-१ र पहिलो खेलमा कर्णाली प्रदेशलाई ३-० ले पराजित गरेको थियो ।यसअघिसमूह ए बाट एपीएफले पुलिसमाथि ३-१ को जिसहित सेमिफाइनल यात्रा तय गरेको छ ।समूह ए मा दुई विभागीय टिम एपीएफ, नेपाल पुलिस, लुम्बिनी प्रदेश, कोशी प्रदेश र बागमती प्रदेश छन् । समूह बी मा भने त्रिभुवन आर्मी क्लब, गण्डकी प्रदेश, कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र मधेश प्रदेश छन् । प्रतियोगितामा दुई समूहका शीर्ष २ टोलीले सेमिफाइनल खेल्नेछन् ।

जाडोको समयमा चिसो बाट बचौं ।
- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर्दोहोर् हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं ।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।
परवानीपुर गाउँपालिकाको कार्यालय ,लिपनीमाल ,बारा